# पाठ २

# ख्रीष्टियान शिक्षण महत्त्वपूर्ण छ

ख्रीष्टियान शिक्षण एक सेवा हो भन्ने सम्बन्धमा हामीले पाठ १-मा अध्ययन गरिसकेका छौं। शिक्षण, प्रचार र साक्षीको बीचमा भएको भिन्नताको बारेमा हामीले छलफल गर्‍यौं। अरूहरूलाई सिकाउनका लागि येशूले हामीलाई आज्ञा दिनुभएको छ भन्ने विषयमा पनि हामीले सिक्यौं। उहाँले हामीलाई पाठ्यपुस्तक र सल्लाहकार दिनुभयो। अनि कसलाई सिकाउनुपर्छ भन्ने बारेमा उहाँले हामीलाई बताउनुभयो।

बाइबलमा भएको शिक्षणको इतिहासलाई हामी यस पाठमा हेर्नेछौं। पुरानो करारमा भएका मानिसहरूका जीवनमा पनि शिक्षण महत्त्वपूर्ण थियो। शिक्षण सेवा नयाँ करारभरि नै पाउन सकिन्छ।

बाइबल समयमा भएका मानिसहरूलाई जत्तिकै आज पनि हामीलाई परमेश्वरको वचन सिकाइनु आवश्यक छ। मानिसका हृदयहरू पापपूर्ण छन् र तिनीहरूको एक मात्र आशाचाहिँ



परमेश्वरको सन्देश सुन्नु हो। यस सन्देशका सिकारुहरू बनेर हामी अरूहरूका लागि उदाहरणहरू हुन सक्छौं। तब अरूहरूलाई सिकाउनका लागि हामी इच्छुक हुनैपर्छ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

व्यवस्थाका शिक्षकहरू
परमेश्वरको मार्गका शिक्षकहरू
महान् शिक्षक
वचनका शिक्षकहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- बाइबलमा भएको शिक्षणको इतिहासलाई उल्लेख गर्न।
- बाइबल समयमा भएको शिक्षणको मूल्यलाई व्याख्या गर्न।
- तपाईंको जीवनको निम्ति भएको परमेश्वरको योजनामा शिक्षण कति धेरै महत्त्वपूर्ण छ भनी बुझ्न।

## व्यवस्थाका शिक्षकहरू

उद्देश्य १ः *व्यवस्थाको शिक्षण इस्राएलीहरूका लागि किन महत्त्वपूर्ण थियो उल्लेख गर्नुहोस्।*

### शिक्षणलाई आज्ञा दिइएको थियो

आफ्ना मानिसहरू हुनका लागि परमेश्वरले इस्राएल राज्यलाई छान्नुहुँदा आत्मिक शिक्षण वास्तवमा शुरू भएको थियो। आफ्ना वरिपरि भएका मूर्तिपूजक देशहरूभन्दा इस्राएलीहरू फरक हुनुपर्ने थियो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई अन्य मानिसहरूबाट अलग गर्ने म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ" (लेवी २०:२४)।

हामी सबैलाई झैं आफू कसरी जिउनुपर्छ भन्ने सम्बन्धमा जान्नका लागि तिनीहरूलाई पनि आवश्यक थियो। केही नियम वा व्यवस्थाविना कोही पनि बाँच्न सक्दैन। के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने सम्बन्धमा बुझ्नका लागि तिनीहरूले हामीलाई सहायता गर्छन्।

इस्राएलीहरूलाई आवश्यक परेका व्यवस्थाहरू परमेश्वरले तिनीहरूलाई दिनुभयो। परमेश्वरको व्यवस्था लेखिएका ढुङ्गाका दुइ पाटीहरूलाई मोशाले कसरी प्राप्त गरे भन्ने सम्बन्धमा हामीले पाठ १ मा अध्ययन गरिसकेका छौं। यी व्यवस्थाहरूका बारेमा परमेश्वरले मोशालाई भन्नुभएका कुराहरूलाई के तपाईं याद गर्न सक्नुहुन्छ?

प्रस्थान २४:१२ लाई फेरि पढ्नुहोस्। तपाईंले यस वचनलाई पढ्नुहुँदा व्यवस्था दिनुको कारण के हो भनी परमेश्वरले दिनुभएको कारणलाई विचार गर्नुहोस्। मानिसहरूलाई निर्देशन

गर्न वा शिक्षण गर्नका लागि ती दिइएका थिए। मोशाले मानिसहरूलाई व्यवस्था सिकाउनुपर्ने थियो।

मोशाले परमेश्वरको आज्ञा पालन गरे। व्यवस्था ४:१ मा उनले इस्राएलीहरूलाई भने, "यसकारण अब हो इस्राएली हो, मैले तिमीहरूलाई सिकाएका विधि-विधानमा ध्यान लगाओ, र ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पिता-पुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ।" तिनीहरूले यी व्यवस्थामा केही कुरा थप्न वा हटाउन हुँदैन भनी मोशाले तिनीहरूलाई आज्ञा दिएका थिए। मोशाले तिनीहरूलाई दिएका परमेश्वरका आज्ञा तिनीहरूले मान्नुपर्ने थियो।

तिनीहरूले आफ्ना छोराछोरीहरूलाई यी व्यवस्थाका वचन सिकाउनुपर्छ भनी मोशाले मानिसहरूलाई यसै बखत आज्ञा दिएका थिए। यसरी परमेश्वरको व्यवस्थाको ज्ञान प्रत्येक पुस्तामा सर्दैजान्थ्यो।

व्यवस्था ६:१ मा फेरि मोशाले मानिसहरूलाई भने, "तिमीहरूले अधिकार गर्ने देशमा पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई सिकाउन मलाई हुकुम गर्नुभएका आज्ञा, विधि र विधान यी नै हुन्।" जब मोशाले त्यो आज्ञा पालन गरे, उनले पुरानो करारमा आत्मिक शिक्षण सेवा शुरू गरे। त्यो सेवा आज पनि निरन्तररूपमा चलेको छ। तपाईंले पुरानो करारको अध्ययन गर्नुहुँदा तपाईंले यी सत्यतालाई सिक्नुहुनेछ कि परमेश्वरले मोशाद्वारा इस्राएलीलाई सिकाउनुभयो।

**शिक्षणलाई आशिष् दिइएको थियो**

जब पूजाहारीहरूले मोशाको उदाहरण पछ्याए, परमेश्वरले

इस्राएलको राज्यलाई आशिष् दिनुभयो। शुद्ध र स्वस्थ जीवन कसरी जिउनुपर्छ भनी व्यवस्थाले मानिसहरूलाई देखाएको थियो। आफ्ना पापहरूका निम्ति कसरी बलिदान ल्याउने, परमेश्वरलाई कसरी आराधना गर्ने र एक-अर्कासँग कसरी व्यवहार गर्ने भन्ने सम्बन्धमा पनि व्यवस्थाले हामीलाई देखाएको छ। तिनीहरू आनन्दित हुनका लागि यी सबै थोकहरू नै महत्त्वपूर्ण थिए।

यदि तिनीहरूले परमेश्वरको व्यवस्थाको आज्ञा पालन गरे भने, तिनीहरू बुद्धिमान् छन् भन्ने कुरा अरू राज्यका मानिसहरूले पनि जान्नेछन् भनी मोशाले तिनीहरूलाई बताए। व्यवस्था ४:७-८ मा मोशाले भनेः

> हामीले पुकार गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रा यति नजीक हुनुभएझैं ईश्वर यति नजीक भएको कुनचाहिँ महान् जाति छ? मैले तिमीहरूलाई दिएको सारा व्यवस्थामा जस्तै ठीक-ठीक विधि-विधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?

यहोशापात यहूदाका राजा बनेपछि, उनले मूर्तिपूजालाई बढार्ने कोशिश गरे। मूर्तिपूजाको बारेमा उनले गरेको कामलाई हेर्नका लागि २ इतिहास १७:७-९ लाई पढ्नुहोस्। यहोशापातले मानिसहरूको एक समूहलाई कहाँ पठाए? तिनीहरू त्यहाँ पुगेपछि तिनीहरूले के गरे?

मानिसहरूका निम्ति बाइबल पढिदिएर साँचो परमेश्वरलाई आराधना गर्नका लागि तिनीहरूलाई ल्याउने प्रयास के तपाईं गर्न सक्नुहुन्छ? ती मानिसहरूले यहूदामा भएका अरू मानिसहरूलाई परमेश्वरको व्यवस्था सिकाए। तिनीहरूले यसो गरेपछि तिनीहरूका वरिपरि भएका राज्यहरूमाथि परमप्रभुप्रतिको डर आयो। यहोशा-पातसँग युद्ध गर्नुको सट्टा अरू राज्यहरूले उनलाई उपहारहरू ल्याइदिए।

परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। जब उहाँका मानिसहरूले उहाँका व्यवस्थाहरू सिकाए र पालन गरे, परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो। उहाँले तिनीहरूलाई तिनीहरूका आफ्नै भूमिमा राख्नुभयो र तिनीहरूका शत्रुका विरुद्धमा तिनीहरूलाई सुरक्षित राख्नुभयो।

**तपाईंको अभ्यासको निम्ति**

१ तल दिइएको प्रश्नको निम्ति कोष्ठमा दिइएका उत्तरहरूमध्ये एउटा ठीक उत्तर छानी खाली ठाउँमा भर्नुहोस्

**क.** इस्राएलीहरू को थिए? ........................................
(मूर्तिपूजक राज्य\परमेश्वरको छानिएको जाति)

**ख.** व्यवस्थामा परमेश्वरले इस्राएलीहरूलाई के सिकाउनुभएको छ? ....................................................................
(कसरी अरू राज्यहरूजस्तै हुने\परमेश्वरको निम्ति कसरी जिउने)

**ग.** पूजाहारीहरूले व्यवस्था सिकाउँदा इस्राएललाई के भयो?
..........................................................................
(तिनीहरू आफ्ना शत्रुहरूबाट सुरक्षित रहे\ तिनीहरूले परमेश्वरको बारेमा बिर्से)

**घ.** तपाईंले पुरानो करारको अध्ययन गर्नुहुँदा, तपाईंले के सिकिराख्नुभएको हुन्छ? ........................................
(परमेश्वरको व्यवस्था\कसरी शिक्षक बन्ने)

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

## परमेश्वरको मार्गका शिक्षकहरू

उद्देश्य २: *इस्राएलका मानिसहरूले परमेश्वरका व्यवस्थाको आज्ञा पालन गर्न असफल हुँदा प्राप्त हुने नतीजाहरूको वर्णन गर्नुहोस्।*

### शिक्षणको आवश्यकता छ

इस्राएल देशमा शिक्षणको अति ठूलो आवश्यकता थियो। त्यस बेलाका मानिसहरू पनि आजका मानिसहरूजस्तै थिए। सबै समयमा ठीक कुरा गर्न अति कठिन हुन्छ। ठीक कुराहरू गर्नलाई नै हामी चाहन्छौं होला, तर हामी आफैलाई गल्ती कुराहरू गरिराखेको भेट्टाउँछौं। हामी बलियो हुनुपर्नेमा कमजोर हुन्छौं।

इस्राएलका मानिसहरूका सम्बन्धमा यो सत्य थियो भनी शमूएलले जानेका थिए। उनी धेरै वर्षसम्म तिनीहरूका न्यायकर्ता र अगमवक्ता भएका थिए। तब आफूमाथि शासन गर्नका लागि अरू राज्यहरूमा झैं आफ्नो राज्यमा पनि राजा हुनुपर्छ भनी इस्राएलका मानिसहरूले निर्णय गरे। शमूएलले चाहिँ यसो गर्न चाहेका थिएनन्, तर उनले शाऊललाई राजा बनाउनैपर्‍यो।

परमेश्वरले चाहनुभएझैं तिनीहरू जिउनका लागि इस्राएलीहरूलाई शिक्षणको आवश्यकता थियो भनी शमूएललाई थाहा थियो। शाऊललाई राजा बनाएपछि, शमूएलले मानिसहरूलाई भने, ''तिमीहरूका निम्ति प्रार्थना गर्न छोडेर परमप्रभुको अगि पाप गर्ने दिनचाहिँ कहिल्यै नआओस्, जे ठीक र असल छ सो म तिमीहरूलाई देखाउनेछु,'' (१ शमूएल १२:२३)।

इस्राएलीहरूले गरेझैं, परमेश्वरले हामीलाई दिन नचाहनुभएको कुराको माग गर्नु पाप हो। हामीले यस कुरालाई याद गर्नुपर्छ कि परमेश्वरको व्यवस्थाको ज्ञानले उहाँको विरुद्धमा पाप नगर्नका लागि हामीलाई सहायता पुऱ्याउँछ। दाऊदले भनेका छन्, "तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा राखेको छु," (भजनसंग्रह ११९:११)।

## शिक्षणलाई इन्कार गरियो

इस्राएलका मानिसहरूले सधैंभरि परमेश्वरको आज्ञा पालन गरेनन्, तिनीहरू विभिन्न समयमा परमेश्वरको व्यवस्थाबाट तर्के र तिनीहरूलाई इन्कार गरे। व्यवस्था सिकाउने पूजाहारीहरूका कुराहरू तिनीहरूले सुन्न चाहेनन्। तिनीहरू अनाज्ञाकारी भएपछि, परमेश्वरले तिनीहरूलाई आशिष् दिन सक्नुभएन।

परमेश्वरको व्यवस्थालाई इन्कार गर्ने धेरै उदाहरणहरूमध्ये योआश पनि एक उदाहरण हुन्। उनी यहूदाका राजा बनेपछि, "यहोयादा पूजाहारीले तिनलाई सिकाएझैं परमप्रभुको दृष्टिमा जे असल थियो, त्यही गरे," भनी बाइबलले हामीलाई बताउँछ (२ राजा १२:२)। तर तिनले यी असल पूजाहारीका निर्देशनहरूलाई पालन गरिरहेनन्।

२ इतिहास २४:१७-२२ लाई तपाईंको बाइबलमा पढ्नुहोस्। योआशमा आएको परिवर्तनलाई ध्यान दिनुहोस्। परमेश्वरलाई आराधना गर्न बन्द गरेर मूर्तिहरूतर्फ फर्कन किन उनले मानिसहरूलाई अनुमति दिए। परमेश्वरले के गर्नुभयो त?

योआशले आफूलाई व्यवस्था सिकाउने पूजाहारीका कुराभन्दा मानिसहरूका कुरा सुने। परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुभएको



हुनाले तिनीहरूलाई चेताउनी दिनका लागि परमेश्वरले अगमवक्ताहरू पठाउनुभयो। तब योआश र मानिसहरू मिलेर पूजाहारीलाई मारे।

पूजाहारी र अगमवक्ताहरू मानिसहरूलाई सहयोग पुऱ्याउनका लागि परमेश्वरबाट पठाइएका शिक्षकहरू थिए, तर योआशले सुन्नलाई इन्कार गरे। तिनीहरूले पाप गरेका हुनाले परमेश्वरले तिनीहरूलाई दण्ड दिनुभयो। तिनीहरूले युद्धमा हार खाए र योआश मारिए।

परमेश्वरको वचनको शिक्षणलाई सुन्नु अति नै महत्त्वपूर्ण छ। उहाँले चाहनुभएझैं यदि हामी जिउन चाहन्छौं भने हामीले उहाँको वचनलाई जान्नुपर्छ। यदि हामीले उहाँको वचनलाई इन्कार गऱ्यौं भने हामी उहाँको आशिष्‌लाई पनि गुमाउनेछौं।

### तपाईंको अभ्यासको निम्ति

**२** तल दिइएको प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** इस्राएलले राजा पाएको शमूएल चाहन्थे।

**ख.** इस्राएललाई अझ धेरै शिक्षणको खाँचो छ भन्ने कुरामा शमूएलले विचारै गरेनन्।

**ग.** परमेश्वरको वचनको शिक्षणले परमेश्वरको विरुद्धमा पाप गर्नबाट अलग रहन हामीलाई सहायता पुऱ्याउँछ।

**घ.** इस्राएलीहरूले पूजाहारीहरूद्वारा सिकाइएको व्यवस्थालाई जहिले पनि सुन्ने गर्थे।

**ङ.** योआशले परमेश्वरको व्यवस्थालाई इन्कार गरेका हुनाले नै उनलाई मारियो।

**३** परमेश्वरले चाहनुभएझैं यदि हामी जिउन चाहन्छौं भने के कुरा गर्नुचाहिँ महत्त्वपूर्ण हुन्छ?
**क**. व्यवस्थाद्वारा जिउनु।
**ख**. परमेश्वरको वचनको शिक्षण सुन्नु।
**ग**. अरूहरूले जे गरेका छन् सोही गर्नु।

---

## महान् शिक्षक

---

उद्देश्य ३: *आफ्ना चेलाहरूले अरूहरूलाई सिकाउन् भनेर महान् शिक्षक येशूले तिनीहरूलाई कसरी सिकाउनुभयो वर्णन गर्नुहोस्।*

**शिक्षणको योजना बनाइएको थियो।**

येशूले आफैलाई शिक्षकको रूपमा विचार गर्नुभएको थियो। सभाघर (यहूदी मण्डली) हरूमा र अन्य धेरै ठाउँहरूमा सिकाउनका लागि उहाँ सधैं इच्छुक हुनुहुन्थ्यो। येशूले सिकाउनुभयो भनी चारवटै सुसमाचारहरूले हामीलाई बताएका छन्।

---

**तपाईंको अभ्यासको निम्ति**

**४** मत्ती ४:२३; लूका ६:६; र यूहन्ना ७:१४ पढ्नुहोस्, त्यसपछि यी प्रश्नहरूका उत्तर दिनुहोस्।
**क**. येशूले कहाँ सिकाउनुभयो भनी यी पदहरूले भनेका छन्?

..........................................................................

**ख.** चारैवटा सुसमाचारहरूले येशूको बारेमा यो वास्तविकता किन बताए होलान्जस्तो तपाईं लाग्छ?

..........................................................................

आफू शिक्षक (गुरु) हुँ भनी येशूले आफ्ना चेलाहरूलाई बताउनुभएको थियो। आफ्नो मृत्यु हुनुभन्दा अगाडि तिनीहरूसँग भएको उहाँको अन्तिम कुराकानीमा उहाँले भन्नुभयो, "तिमीहरू मलाई गुरु र प्रभु," भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ" (यूहन्ना १३:१३)।

अरूहरूले आफूलाई गुरु (शिक्षक) भनेकोमा येशूले कुनै अस्वीकारको प्रतिक्रिया जनाउनुभएन। निकोदेमस एक रात येशूकहाँ आए र उहाँलाई भनेः "गुरुज्यू हामी जान्दछौं, तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ" (यूहन्ना ३:२)। निकोदेमसले गल्ती कुरा गरे भनी येशूले भन्नुभएन। यसको सट्टामा उहाँले भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु" (यूहन्ना ३:३)। येशूले निकोदेमसलाई भन्दै हुनुहुन्थ्यो कि शिक्षकको रूपमा उहाँले सत्यता बोल्नुभयो।

आफ्नो सेवामा, येशूले शिक्षण सेवालाई उच्च आदर दिनुभयो। उहाँको सेवामा यो महत्त्वपूर्ण थियो। सिकाउनको लागि येशूले योजना बनाउनुभयो। उहाँका वचनहरू त्यसै बाहिर निस्किआएका थिएनन्। एक दिन यहूदीहरूसँग उहाँले कुराकानी गर्नुहुँदा, उहाँले भन्नुभयो, "उहाँबाट मैले जे सुनें ती नै कुरा म संसारलाई भन्दछु" (यूहन्ना ८:२६)। उहाँका वचन पिताबाट आएका हुन् भनी येशूले भन्दै हुनुहुन्थ्यो। सिकाउनुपर्ने परमेश्वरको योजनाको आज्ञा पालन उहाँले गर्नुभएको थियो।

येशूले सिकाउनुभएका कुराहरू सुन्नेले उहाँको शिक्षण अरूहरूको भन्दा फरक छ भनी जानेका थिए। डाँडाको उपदेशको अन्तमा मत्तीले हामीलाई भनेका छन्,

> येशूले यी कुरा भनिसक्नुभएपछि भीड़ उहाँका शिक्षा सुनेर छक्क पऱ्यो। किनकि उहाँले तिनीहरूका शास्त्रीले झैं होइन, तर अधिकार भएको मानिसले जस्तो गरी सिकाउनुहुन्थ्यो (मत्ती ७:२८-२९)।

उहाँले सिकाउनुभएको तरीका र आफ्नै बारेमा उहाँले भन्नुभएको कुराले देखाउँछ कि येशूले आफूलाई शिक्षकको रूपमा विचार गर्नुभएको थियो। र पनि उहाँ त शिक्षकभन्दा पनि अझै महान् हुनुहुन्छ। उहाँ परमेश्वरका पुत्र र संसारका मुक्तिदाता हुनुहुन्छ।

यदि येशूको निम्ति शिक्षण महत्त्वपूर्ण थियो भने, तपाईं र मेरो निम्ति पनि यो महत्त्वपूर्ण हुनैपर्छ। उहाँ हाम्रा उदाहरण हुनुहुन्छ।

**शिक्षकहरूलाई सिकाइएको थियो**

येशूलाई पछ्याउने १२ जना मानिसहरूलाई चेलाहरू भनियो। *चेलाको* अर्थ "सिकारु" हो। तिनीहरू पालेस्टाइनका धूला सडकहरूमा येशूसँग हिँड्दा तिनीहरूले उहाँबाट सिकेका थिए। उहाँले आश्चर्यकर्महरू गरेको देख्दा र उहाँका पछि लाग्ने ठूला भीड़हरूसँग उहाँ बोल्नुभएको सुन्दा तिनीहरूले सिकेका थिए। येशूले जहिले-जहिले सिकाउनुहुन्थ्यो, उहाँका चेलाहरू त्यहाँ हुन्थे। उहाँको सन्देश र उहाँका तरीकाहरूलाई तिनीहरूले सिकिरहेका थिए।

यी चेलाहरूका निम्ति भएको येशूको सेवा प्रायःजसो शिक्षण सेवा थियो। येशूले आश्चर्यकर्म गर्नुभएपछि वा उहाँले कथा भनेर ठूलो भीड़लाई सेवा पुऱ्याउनुभएपछि, उहाँले चेलाहरूलाई यस्तो ठाउँमा लैजानुभयो, जहाँ तिनीहरू शान्तमय प्रकारले कुराकानी गर्न सक्थे।

दुष्ट आत्मा लागेको एक जवान केटालाई एक दिन येशूले निको पार्नुभयो। जब येशू आफ्ना चेलाहरूसँग मात्र हुनुहुन्थ्यो, तिनीहरूले किन भूतात्मा निकाल्न सकेनन् भनी तिनीहरूले उहाँसँग प्रश्न गरे। तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यस किसिमको चाहिँ प्रार्थनाले बाहेक अरू कुनै उपायले धपाउन सकिँदैन" (मर्कूस ९:२९)। आफ्ना चेलाहरूलाई येशूले केही कुरा सिकाउनका लागि उनीहरूकै प्रश्नहरूलाई येशूले प्रयोग गर्नुभयो।

तब मर्कूसले हामीलाई बताएका छन्, "अनि त्यहाँबाट निस्केर उहाँहरू गालील भएर जानुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा थियो, किनकि उहाँले आफ्ना चेलाहरूलाई शिक्षा दिँदैहुनुहुन्थ्यो" (मर्कूस ९:३०-३१)।

ती मानिसहरूलाई सिकाउन कति महत्त्वपूर्ण थियो भन्ने कुरा येशूलाई थाहा थियो। आफूले गरिराखेको काम तिनीहरूलाई जिम्मा दिएर अब छिट्टै नै उहाँले तिनीहरूलाई छोड्न लाग्नुभएको थियो। तिनीहरूले धेरै कुराहरू सिक्नु आवश्यक थियो।

यसरी नै सुसमाचार सन्देश हामीकहाँ आइपुगेको हो। शिक्षणद्वारा नै एक व्यक्तिले अरूहरूलाई परमेश्वरको वचन दिएको हो। अब अरूहरूलाई सिकाउने पालोचाहिँ *हाम्रो* हो। तर हामीले अर्को व्यक्तिलाई सिकाउनुभन्दा पहिले हामी सिकारुहरू बन्नुपर्छ।

सिक्नका लागि परमेश्वरको वचन बाइबल हामीसँग छ। हामीलाई सिकाउनका लागि मण्डलीमा हामीसँग पास्टरहरू र शिक्षकहरू पनि छन्। शिक्षणको मूल्यताको बारेमा तपाईंले धेरै सिक्नुहुँदा, तपाईं बाइबलबाट र आफ्ना पास्टरबाट जति धेरै सक्नुहुन्छ, सिक्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**५** येशूलाई चिन्नेहरूले उहाँलाई किन शिक्षकका रूपमा चिन्थे? तीनवटा कारणहरूको सूची बनाउनुहोस्।

**क.** ..............................................................

**ख.** ..............................................................

**ग.** ..............................................................

**६** तल दिइएको प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** येशूलाई पछ्याउने बाह्रजना मानिसहरूलाई चेलाहरू भनियो।

**ख.** चेलाहरूका रूपमा तिनीहरूले उहाँको सन्देश र तरीका-हरूलाई सिके।

**ग.** चेला हुनु भनेको अर्थ प्रचारक हुनु हो।

**घ.** हामी चेलाहरू बन्नु आवश्यक छ।

## वचनका शिक्षकहरू

उद्देश्य ४: *प्रेरितहरूका समयमा भएको शिक्षणको महत्त्वलाई व्याख्या गर्नुहोस्।*

### शिक्षणमा निरन्तरता

प्रेरितहरूले येशूमा विश्वास गरे। सिकाउनू भन्ने उहाँको आज्ञालाई तिनीहरूले स्वीकार गरे। तिनीहरूले उहाँको उदाहरण पछ्याए। तिनीहरूले यसो गरेको हुनाले प्रेरितको पुस्तकमा भएको मण्डली शिक्षण मण्डली बन्यो।

यहूदी धार्मिक अगुवाहरूले प्रेरितहरूलाई कोर्रा लगाई येशूको बारेमा फेरि बोल्दै नबोल्नू भनी आज्ञा दिएका भए तापनि, तिनीहरूले सिकाउनलाई छोडेनन्। प्रेरितको पुस्तकले बताउँछ, "अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्" (प्रेरित ५:४२)।

धेरै मण्डलीहरू शुरू गर्ने पावलमा पनि शिक्षण सेवा थियो। बारनाबाससँग पावल एक वर्षसम्म एन्टिओखियामा बसे। तिनीहरूले त्यहाँ मण्डलीमा भएका मानिसहरूलाई सिकाए। पावल साढे एक वर्षसम्म कोरिन्थमा बसेर त्यहाँका मानिसहरूलाई परमेश्वरको वचन सिकाए। उनी तीन वर्षसम्म एफिससमा पनि बसेका थिए, जहाँ उनले मानिसहरूलाई तिनीहरूका घर-घरमा र जनसामुहिक ठाउँहरूमा सिकाएका थिए।

शुरूको मण्डली शिक्षणमा र साथसाथै प्रचारमा निर्माण भएको थियो। नयाँ विश्वासीहरूले येशू र उहाँका आज्ञाहरूका बारेमा सिक्नु महत्त्वपूर्ण छ भनी प्रेरितहरूलाई थाहा थियो।

## शिक्षणलाई इनाम दिइएको थियो

पावलले कोरिन्थमा भएको मण्डलीलाई लेखे, "परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू . . . नियुक्त गर्नुभएको छ" (१ कोरिन्थी १२:२८)।

---

**तपाईंको अभ्यासको निम्ति**

**७** एफिसी ४:११-१२ लाई फेरि पढ्नुहोस् र तल सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस्।

**क.** के विभिन्न सेवाहरूमध्येमा शिक्षणलाई पनि सूची बनाइएको छ? ..................................................................

**ख.** कोसँग शिक्षण सेवा छ भनी पावलले बताएका छन्?

..................................................................

**ग.** यी सेवाहरू किन दिइएका थिए?

..................................................................

यस बाइबल खण्डमा शिक्षणलाई पास्टरहरूसँगसँगै सूची बनाई राखिएको छ। तपाईंका पास्टर तपाईंका शिक्षक हुनुहुन्छ। यसरी नै परमेश्वरले यसको योजना बनाउनुभयो। तपाईंले आफ्ना पास्टरबाट सिक्नुहुँदा परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ।

शिक्षण इनाममय हुन्छ। परमेश्वरको वचनलाई जान्ने र बुझ्ने ख्रीष्टियानहरू भएका बलिया मण्डलीहरूको यसले निर्माण गर्छ। ती बलिया ख्रीष्टियानहरूले नै मण्डलीको निर्माण गर्छन्। प्रेरितहरूले निरन्तर रूपमा येशूको बारेमा प्रचार र शिक्षा दिएका हुनाले ख्रीष्टियानहरूको वृद्धि भएको कुरा हामी प्रेरितको पुस्तकमा देख्छौं। धेरै मानिसहरूले परमेश्वरको वचन सिकाइएको सुनेपछि तिनीहरू विश्वासी बन्छन्।

के तपाईं आफ्नो मण्डली वृद्धि भएको चाहनुहुन्छ? के तपाईंका मित्रहरू र नातेदारहरू ख्रीष्टियान बनेको तपाईं चाहनुहुन्छ? परमेश्वरको वचनको शिक्षणले यो कुरा हुनको लागि सम्भव तुल्याउँछ। परमेश्वरको वचनले मानिसहरूलाई येशूमा डोऱ्याउँछ। हामीले अरूहरूका निम्ति गर्न सक्ने सबैभन्दा ठूलो कुरा त्यही नै हो। हामीले तिनीहरूलाई येशूको बारेमा सिकाउन सक्छौं।

## तपाईंको अभ्यासको निम्ति

८ प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** येशू स्वर्गारोहण भइसक्नुभएपछि पनि प्रेरितहरूले निरन्तर रूपमा सिकाउने काम गरे।

**ख.** प्रेरितहरूलाई कोर्रा लगाएर सिकाउन बन्द गर्नू भन्ने आदेश दिएपछि तिनीहरूले शिक्षण कार्यलाई बन्द गरे।

**ग.** आफूले शुरू गरेका मण्डलीहरूमा मात्र पावलले प्रचार गरे।

**घ.** परमेश्वरले मण्डलीलाई शिक्षण सेवा दिनुभएको छ।

**ङ.** पास्टरहरूले सिकाउनुहुँदैन।

९ शिक्षण सेवाको निम्ति भएको परमेश्वरको योजनाले तपाईंको जीवनलाई कसरी प्रभाव पार्न सक्छ?

.......................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६ तपाईं र मैले ख्रीष्टियान शिक्षकहरूबाट सिक्नु आवश्यक छ। तपाईंले कसैलाई सिकाउनुभएको परमेश्वर चाहनुहुन्छ।

१ **क** परमेश्वरको छानिएको जाति।

**ख** परमेश्वरको निम्ति कसरी जिउने।

**ग** तिनीहरू आफ्ना शत्रुहरूबाट सुरक्षित रहे।

**घ** परमेश्वरको व्यवस्था।

८ क ठीक
घ ठीक
ख बेठीक
ङ बेठीक
ग बेठीक

२ क बेठीक
घ बेठीक
ख बेठीक
ङ ठीक
ग ठीक

७ क हो, बनाइएको छ।
ख मानव-जाति, जसमा प्रत्येक व्यक्तिलाई समावेश गरिएको हुन्छ।
ग शरीर अर्थात् मण्डलीको निर्माणको निम्ति खीष्टियान सेवाको काममा।

३ ख) परमेश्वरको वचनको शिक्षण सुन्नु।

६ क ठीक
ख ठीक
ग बेठीक
घ ठीक

४ क सभाघरहरूमा
ख येशूले शिक्षणलाई कति धेरै महत्त्व दिनुभयो भनी देखाउन।

५ क उहाँले सभाघरहरूमा सिकाउनुभयो।
ख आफू शिक्षक हुँ भनी उहाँले बताउनुभयो।
ग उहाँले अधिकारका साथ सिकाउनुभयो।

